# भजनी नगरपालिकाको विनियोजन ऐन, २०७५

सभाबाट स्वीकृत : २०७५।०४।१४

## भजनी नगरपालिका

भजनी, कैलाली

७ नं. प्रदेश, नेपाल

# भजनी नगरपालिकाको विनियोजन ऐन, २०७५

**भजनी गरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय संञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति: २०७५।०४।१४

**प्रस्तावना:** भजनी नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम भजनी नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ:** **(१)**यस ऐनको नाम “ भजनी नगरपालिकाको विनियोजन ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. **६१,६८,२७,०००।-** (अक्षेरुपी एकसठ्ठी करोड अठसठ्ठी लाख सत्ताईस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :** **(१)** यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त भजनी नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशत मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४) यस नगरपालिकाको आ.व.२०७५/०७६ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न पारित विनियोजन विधेयकको अनुमानित आर्थिक, सामाजिक, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास सेवा प्रवाह,वित्तिय व्यवस्थापन र सुशासन लगायत कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च शीर्षक

अर्न्तगतको बजेट सिमा भित्र रहि नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अख्तियारी प्राप्त अधिकारीले निर्णय गरी कार्यक्रम तथा बजेट कार्यन्वयन गर्न सक्नेछ ।

५) आ.व.२०७५/७६ मा केन्द्र सरकार, प्रदेश सरकार र अन्य दातृ निकायबाट कुनै कार्यक्रम/आयोजनाका लागि थप बजेट प्राप्त भएमा नगर कार्यपालिकाले निर्णय गरी सो बराबरको रकम संञ्चित कोष खाताबाट खर्च गर्न सक्नेछ ।

६) आ.व.२०७५।२०७६ का लागी विनियोजित वजेटको सीमाभित्र रही नगर कार्यपालीकाले निर्णय गरी खर्च शिर्षक मिलान हुने गरी औचित्यताका आधारमा कार्यक्रम तथा आयोजनाहरुमा बजेट बाँडफाँड र संसोधन
गर्न सक्नेछ ।

अनुसूची-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
**संचित कोषबाट विनियोजन हुने रकम ( रु.हजारमा )**

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | **नगर कार्यपालिका** | | | | |
| क | | चालु खर्च | ७६००० | ० | ० | ७६००० |
| ख | | सामाजिक सुरक्षा भत्ता कार्यक्रम | ८७६०० | ० | ० | ८७६०० |
| ग | | सिमा क्षेत्र विकास कार्यक्रम | १४५५ | ३४२२ | ० | ४८७७ |
| घ | | एल.जि.सि.डि.पि. कार्यक्रम | ८७९ | ६०० | ० | १४७९ |
| ङ | | बालविकास केन्द्रका शिक्षक र विद्यालय सहयोगी | १६८ | ० | ० | १६८ |
| च | | अनुदान तथा सहायता रकम | २९४ | | ० | २९४ |
| छ | | संघीय सरकारबाट शसर्त अनुदान | ० | १२४००० | ० | १२४००० |
| ज | | सम्पुरक कोष | ० | ३०००० | ० | ३०००० |
| झ | | नगर स्तरिय योजनाको लागि | ० | १७७१८०।७०८ | ० | १७७१८०।७०८ |
| ञ | | सडक बोर्ड कार्यक्रम | ० | २५०० | ० | २५०० |
| ट | | जनसहभागीता अर्न्तगत सौर्य सडक बत्ती कार्यक्रम | ० | २५०० | ० | २५०० |
| २ | | **वडा समिति - वडास्तरिय योजनाको लागि)** | ० | ६७०५२।२५० | ० | ६७०५२।२५० |
| ३ | | **बिषयगत शाखा** | ० | ४३१७६।०४२ | ० | ४३१७६।०४२ |
| ४ | | **ऋणको सावा व्याज भुक्तानी** | ० | ० | ० | ० |
| ५ | | **लगानी -शेयर/ऋण)** | ० | ० | ० | ० |
| **जम्मा विनियोजन बजेट (१+२+३+४+५)** | | | १६६३९६ | ४५०४३१ | 0 | ६१६८२७ |